नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग

# रानी जमरा कुलरिया सिंचाई आयोजना

## कृषि कार्यक्रम कार्यान्वयन एकाई

टिकापुर, कैलाली

**कृषक पाठशाला संचालन तथा अनुशरण कार्यक्रममा सहभागी हुने बारेको सूचना !**

सूचना नं: २१/०७/०८०
(सूचना प्रकाशित मितिः २०७९/१०/१३)

रानी जमरा कुलरिया सिंचाई आयोजना, कृषि कार्यक्रम कार्यान्वयन एकाई, टिकापुर, कैलालीको आ.व.०७९/०८० स्वीकृत बार्षिक कार्यक्रम *"कृषक पाठशाला संचालन तथा अनुशरण कार्यक्रम"* मार्फत कृषक समूहरुमा बाली अवधिभर विभिन्न पद्धतिहरुको सैद्धान्तिक तथा प्रयोगात्मक कृषक पाठशाला संचालन गर्नुपर्ने भएकाले इच्छुक जल उपभोक्ता संस्था/समिति, कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी संस्थाहरुले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले ७ दिन (मिति २०७९/१०/१९ गते) भित्र यस आयोजनाको कार्यालय, टिकापुरमा तोकिएको ढाँचाको निवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रितपूर्वक प्राप्त निवेदन उपर मात्र कारवाही अघि बढाइने छ । छनौट भए नभएको नतिजा आयोजनाको वेबसाइटमा हेर्न सकिनेछ ।

- कार्यक्रम सञ्चालन हुने क्षेत्र: रानी जमरा कुलरिया सिंचाई आयोजनाको कार्यक्षेत्रभित्र
- प्राविधिक सेवाः निशुल्क
- क्षेत्रफलः न्यूनतम २-३ कठ्ठा ।
- सहभागी कृषक संख्या (प्रति पाठशाला): न्यूनतम २५
- हालसम्म यस आयोजनामार्फत कुनै बालीमा कृषक पाठशाला संचालन नभएको जल उपभोक्ता संस्था/समिति, कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी संस्थालाई प्राथमिकता दिईनेछ।

<u>पेश गर्नुपर्ने कागजातहरु</u>

१. रु १० को हुलाक टिकट टाँसेको निवेदन ।
२. जल उपभोक्ता संस्था/समिति, कृषक समूह, कृषि सहकारी संस्थाको दर्ता, नविकरण, स्थायी लेखा नम्बरको प्रतिलिपी।
३. कृषक पाठशालामा सहभागी हुने कृषकको नाम, पाठशाला संचालन गरिने जग्गा र बालीको बिवरण प्रष्ट खुल्ने गरी गरिएको सामूहिक निर्णयको प्रतिलिपी।
४. लालपूर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिएको भए सम्झौताको प्रतिलिपी वा स्वःघोषणा।
५. सम्बन्धित कुलो समितिको सिफारिस पत्र।

<u>थप जानकारीका लागि</u>
रानी जमरा कुलरिया सिंचाई आयोजना
कृषि कार्यक्रम कार्यान्वयन एकाई
टिकापुर, कैलाली
फोन नं ०९१-५६१४१४, ५६१४१५
www.aciu.rjkip.gov.np

१०।१२

(कलशराम चौधरी)
आयोजना कोअर्डिनेटर

# आवेदन फारम

श्रीमान् आयोजना कोअर्डिनेटर,  मिति:- ......................

रानी जमरा कुलरिया सिंचाई आयोजना,

कृषि कार्यक्रम कार्यान्वयन एकाई

टिकापुर, कैलाली।

विषयः कृषक पाठशाला संचालन तथा अनुशरण कार्यक्रमको लागि दरखास्त पेश गरेको बारे ।

प्रस्तुत विषयमा तहाँ आयोजनाको मिति २०७९/१०/१३ गतेको प्रकाशित सूचना अनुसार ..................................................... बालीमा *"कृषक पाठशाला संचालन तथा अनुशरण कार्यक्रम"* यस ....................................................................................... कृषक समूह/ जल उपभोक्ता समूह/संस्था/कृषि सहकारीमा संचालन गराई पाउँ भनी तपशिल अनुसारका कागजातहरु संलग्न राखी यो निवेदन पेश गर्दछौं । साथै उक्त कार्यक्रमको लागि छनौट भएमा आयोजनाको कार्यक्रम संचालन कार्यविधि अनुसार सहकार्य गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछौं ।

<u>संलग्न कागजातहरु</u>

१. रु १० को हुलाक टिकट टाँसेको निवेदन ।

२. जल उपभोक्ता संस्था/समिति, कृषक समूह, कृषि सहकारी संस्थाको दर्ता, नविकरण, स्थायी लेखा नम्वरको प्रतिलिपी।

३. कृषक पाठशालामा सहभागी हुने कृषकको नाम, पाठशाला संचालन गरिने जग्गा र बालीको बिवरण प्रष्ट खुल्ने गरी गरिएको सामूहिक निर्णयको प्रतिलिपी।

४. लालपूर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिएको भए सम्झौताको प्रतिलिपी वा स्वःघोषणा।

५. सम्बन्धित कुलो समितिको सिफारिस पत्र।

<u>निवेदक</u>

हस्ताक्षर :

कृषक समूह/जल उपभोक्ता संस्था/सहकारीको नामः

सम्पर्क व्यक्तिको नामः

ठेगानाः

सम्पर्क नंम्बरः-

छापः